प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**परीक्षा नियन्त्रण कार्यालय**

सानोठिमी, भक्तपुरको

# शैक्षिक शत्र २०७६/०७७ मा डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षाका सम्वन्धमा परीक्षार्थी, अभिभावक तथा सरोकारवालाहरुमा हार्दिक अपील !

(प्रकाशित मिति २०७६।०४।१८)

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरद्वारा संचालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहको प्रवेश परीक्षालाई स्वच्छ, निष्पक्ष, मर्यादित एवं विश्वसनीय बनाउनका लागि परीक्षा केन्द्रहरुमा पर्याप्त सुरक्षा व्यवस्थाका साथै उच्च स्तरका पदाधिकारीहरुबाट अनुगमनको प्रवन्ध गरिनुका साथै उच्च स्तरको प्रविधि OMR Scanning मेशिनको प्रयोग गरी नतिजा प्रकाशनको व्यवस्था गरिएको छ ।

यति हुंदा हुंदै पनि यदाकदा कसैले प्रवेश परीक्षाहरुमा सफल गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गर्न कोही कसैले अनुचित प्रभाव पार्न सक्ने भएकाले त्यसप्रति पुर्ण सचेत रही प्रवेश परीक्षामा सामेल हुन सम्पुर्ण परीक्षार्थीहरुमा परीक्षा नियन्त्रण कार्यालय हार्दिक आव्हान गर्दछ। प्रवेश परीक्षालाई मर्यादित, निष्पक्ष एवं व्यवस्थित रुपमा संचालन गर्न गराउन सम्वन्धित परीक्षार्थी, अभिभावक, संचारजगत, सुरक्षा निकाय र सरोकारवालाहरु लगायत आम सर्वसाधारणहरु सवैमा सहयोगका लागि हार्दिक अनुरोध गर्दछ । साथै अन्य जानकारी आवश्यक परेमा आफुले अध्ययन गर्न चाहेको सम्बन्धित शिक्षण संस्था वा परिषद्का प्रदेश कार्यालयहरुमा र परिषद्को परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन वा oce.ctevt@gmail.com मा जानकारी गराउनु हुन अनुरोध छ ।

**यो सूचना परिषद्को वेभसाइट www.ctevt.org.np मा पनि हेर्न सकिनेछ ।**

**परीक्षा नियन्त्रक**